स्थानीय सरकार
अपिहिमाल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३

(प्रशासन शाखा)

## बिएससी एजी अध्ययन छात्रवृत्तीका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना !

(सूचना नं. ६८..., सूचना प्रकाशित मितिः २०८२।०९।०८)

यस गाउँपालिकाको गाउँ कार्यपालिकाको मिति २०८२।०९।०७ गतेको निर्णयानुसार चालु आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तरगत बिएससी एजी छात्रवृत्ती कार्यक्रम कार्यान्वयन गर्न अपिहिमाल गाउँपालिका भित्र बसोबास भई बिएससी एजीको प्रथम सेमेस्टर वा प्रथम वर्षमा अध्ययनरत विद्यार्थीहरूले तपसिल बमोजिमका शर्त तथा कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र छात्रवृत्तीका लागि निवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै रीतपूर्वक पेश नभएका तथा म्याद नाघी आएका निवेदन उपर कुनै कारवाही हुने छैन ।

<u>आवश्यक कागजात तथा शर्तहरू</u>

१. छात्रवृत्तीका लागि निवेदन पेश गर्ने विद्यार्थी बिएससी एजीको पहिलो सेमेस्टर वा प्रथम वर्षमा अध्ययनरत हुनु पर्नेछ,

२. छात्रवृत्तीको लागि निवेदन पेश गर्ने विद्यार्थी अपिहिमाल गाउँपालिकामा स्थायी बसोबास भएको हुनु पर्नेछ,

३. छात्रवृत्ती पाउँ भन्ने बेहोराको निवेदकको निवेदन,

४. सम्बन्धित निकाय (क्याम्पस वा संस्था) मा भर्ना भई अध्ययनरत रहेको सिफारिस पत्र,

५. सम्बन्धित निकाय (क्याम्पस वा संस्था) को अन्य निकायबाट छात्रवृत्ति नपाएको सिफारिस पत्र,

६. सम्बन्धित निकाय (क्याम्पस वा संस्था) बाट जारी भएको विद्यार्थी परिचय पत्र,

७. बसोबास खुल्ने कागजात वा नागरिताको प्रमाण पत्रको प्रतिलिपि वा सम्बन्धित वडा कार्यालयको सिफारिस,

८. छात्रवृत्ती वापत प्राप्त गर्ने रकम बिएससी एजीको अध्ययन प्रयोजनमा खर्च गर्ने र अन्य निकायबाट सोही किसिमको छात्रवृत्ती नपाएको/नलिएको बेहोराको स्वघोषणा,

९. एस.इ.इ. वा सो सरह र प्लस टु वा सो सरह उत्तिर्ण गरेको शैक्षिक प्रमाण पत्रको स्वयं प्रमाणित प्रतिलिपि।

२०८२/०९/०८

इन्द्र ... रावल
प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थः</u>

श्री वडा कार्यालय, सबै, अपिहिमाल गाउँपालिका, दार्चुला ।